प्रदेश सरकार

प्रदेश नं. १

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र सोलुखुम्बु

सल्लेरी, सोलुखुम्बु

प. सं. ०७७/७८
च.नं.

प्रदेशनं.१, नेपाल
मितिः

## कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एक भन्दा बढी) उपभोक्ताहरुलाई कृषि यान्त्रिकरण अनुदानको लागि प्रारम्भिक आवेदन पेश गर्ने वारेको १५ दिने सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०५/३०)**

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको चालु आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि यन्त्र उपकरणहरु अनुदानमा वितरण कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह/ कृषि सहकारी संस्था/ निजि कृषि फर्म/कृषक उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एकभन्दा बढी) हरुलाई यो सुचना प्रकाशित गरेको मितिले १५ औं दिन अर्थात मिति २०७७/०६/१३ गते सम्म कार्यालय समय भित्र तपसिल अनुसारका आवश्यक सम्पूर्ण कागजातहरु आँफैले प्रमाणित गरि कार्यालयले उपलब्ध गराएको फर्मेट अनुसारको कृषि यान्त्रिकरण अनुदानको लागि प्रारम्भिक आवेदन कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम र यस सम्बन्धी थप जानकारीको लागि सम्बन्धित कृषि ज्ञान केन्द्र सोलुखुम्बुको फोन नं. ०३८-५२०१३० वा कृषि प्रसार अधिकृत श्री प्रदिप कुमार यादव ९८६२१३४९०४ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ। दरखास्त फारम कृषि ज्ञान केन्द्र सोलुखुम्बुको फेसबुक र फेस बुक पेजबाट समेत डाउनलोड गर्न सकिने छ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

**क) व्यक्तिगत वा कृषक उपभोक्ता ( एक वा संयूक्त रुपमा एकभन्दा बढी मिलेर आएमा )को लागिः-**

१. नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।
२. मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्वन्धी तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी।
३. जग्गाधनी लाल पूर्जाको प्रतिलिपी।
४. खाद्यान्न बाली, तरकारी बाली, आलुबाली, फलफूल बाली, आदिको लागि लागी कम्तिमा ५ रोपनी (०.२५ हेक्टर सम्म) जग्गा हुनु पर्ने।
५. आफ्नो नामको जग्गा नभई एकाघरको परिवारका नामको जग्गा भएमा नाता खुल्ने कागजातको प्रतिलिपी।
६.आफूले कमाई आएको जग्गा (गुठी समित्वको वा आफू मोहि भएको समेत) वा करार नलिएको भए पाँच वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी।
७. स्थानिय तह कृषि शाखा को सक्कलै सिफारिस पत्र।
८ .विगत तीन वर्षसम्म यन्त्र उपकरणहरूको लागि कतैबाट पनि अनुदान नलिएको सःघोषणा पत्र।

**ख ) सस्थागत उपभोक्ताको लागि (कृषक समूह/ कृषि सहकारी/ निजी कृषि फर्म) :-**

१. संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपी।
२. अधिकार प्राप्त पदाधिकारीको नागरीकता प्रमाण-पत्रको प्रतिलिपी।
३. संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपी वा कम्पनी भए कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधीक भएको प्रमाण-पत्रको प्रतिलिपी।
४. संस्थाको PAN वा VAT प्रमाण-पत्रको प्रतिलिपी।
५. गत आ.व.को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी।
६. संस्थाको बैठक निर्णय प्रतिलपी।
७. संस्थाको स्वमित्वमा रहेको जग्गाधनी लाल पुर्जाको प्रतिलिपी।
८. खाद्यान्न बाली, तरकारी बाली, आलुबाली, फलफूल बाली, आदिको लागि लागी कम्तिमा १० रोपनी (०.५ हेक्टर सम्म) जग्गा हुनु पर्ने।
९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष अवधि भएको प्रमाणको प्रतिलिपी।
१०.विगत तीन वर्षसम्म यन्त्र उपकरणहरूको लागि कतैबाट पनि अनुदान नलिएको सःघोषणा पत्र।
११. स्थानिय तह कृषि शाखा को सक्कलै सिफारिस पत्र।

...........................
(कुल बहादुर राई)
निमित्त प्रमुख